


PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार २१ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 05 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३०७

## सार्वजनिक यातायात र होटल सञ्चालन गर्न पाउने गरी पर्सामा निषेधाज्ञा अवधि फेरि बढ्यो

प्रस, वीरगंज, २० असार/

पर्सा जिल्लामा निषेधाज्ञा अर्को आदेश



जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र, पर्साको बैठकमा सहभागीहरू। तस्वीरः प्रतीक

नहुन्जेलसम्म बढाइएको छ र यो अवधिमा यसअघिभन्दा केही सेवा खुकुलो पारिएको छ।

जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र पर्साको आइतवार बसेको बैठकले निषेधाज्ञालाई निरन्तरता दिने सिफारिश गरेबमोजिम जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकार पीताम्बर घिमिरेले वैशाख १६ गतेदेखि जारी निषेधाज्ञालाई लम्ब्याएका छन्। यसपटकको निर्णयमा निषेधाज्ञा अवधि निर्धारण नगरिएकोले अर्को आदेश नहुन्जेल निषेधाज्ञा जारी रहेको बुझ्नुपर्ने सहायक प्रजिअ भीमकान्त पौडेलले बताए।

निषेधाज्ञा थप गरिए पनि यसअघि निजी सवारीसाधन मात्र सञ्चालन अनुमति दिइएकोमा यसपटक भने जिल्लाभरि सबैखाले सार्वजनिक सवारीसाधन सञ्चालन गर्न पाउने अनुमति दिइएको छ। जिल्लाबाहिर भने सार्वजनिक सवारीसाधन सञ्चालनमा निषेध जारी छ।

यसैगरी, होटल, रेस्टुराँलाई सञ्चालन गर्न अनुमति दिइएको छ। कुल क्षमताको पचास प्रतिशत ग्राहक राखेर सञ्चालन अनुमति दिइएको छ। विद्यालय सञ्चालन सम्बन्धमा भने यसपटकको बैठकले पनि कुनै निर्णय गरेको छैन। मन्त्रिपरिषद्को निर्णय भएकोले सो सम्बन्धमा उतैबाट निर्णय हुनुपर्ने भन्दै आजको बैठकले पनि विद्यालय सञ्चालनबारे मौनता कायम गरेको छ।

सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, हाटबजार, मनोरञ्जन स्थल, सैलुन, ब्युटीपार्लर, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, सङ्ग्रहालय सञ्चालनमा रोक कायमै छ।

वीरगंज मुख्य नाकाबाहेकका भारतबाट जिल्ला प्रवेश गर्ने अन्य नाकाबाट सीमा वारपारमा रोक कायमै छ। यसैगरी, आजको बैठकले मुख्य नाकाबाट विदेशी नागरिक प्रवेशमा रोक लगाइएको छ। नेपाली नागरिक मात्र मुख्य नाकाबाट प्रवेश गर्न पाउने व्यवस्था गरिएको छ।

> जिल्ला प्रशासन कार्यालय, पर्साले वैशाख १६ गतेदेखि निषेधाज्ञा जारी गर्दै आए पनि यस अवधिमा उसले गरेका निर्णय कार्यान्वयन गर्ने सवालमा कमजोर देखा परेको छ। जिप्रकाले निर्णय मात्र गर्ने र कार्यान्वयनको पाटोलाई बेवास्ता गरिरहेको छ।
>
> निषेधाज्ञा अवधिमा रोक लगाइएका विषयहरू सञ्चालनमा रहँदा पनि अनुगमन नगरिएको कारण कारबाई प्रक्रिया फितलो देखा परेको हो। निषेधाज्ञामा विवाह, व्रतबन्ध, न्वारन, संस्कार जस्ता कार्यमा बढीमा २५ जनाको उपस्थितिमा स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नुपर्ने भनिए पनि अहिले वैवाहिक कार्यक्रम वीरगंजमा खुलेआम पार्टी प्यालेसमा भइरहेका छन्। अहिले लगनको समयमा एकपछि अर्को पार्टी प्यालेसमा कार्यक्रम भइरहँदा पनि कुनै पनि निकायले रोकथाममा चासो देखाएका छैनन्।

## कोभिशिल्ड लगाउन रक्सौल धाउँदै नेपाली

प्रस, परवानीपुर, २० असार/

नेपाल सरकारले कोभिशिल्ड खोप ल्याउन नसकेपछि सीमावर्ती क्षेत्रका नेपालीहरू भारतीय बजारमा गएर कोभिशिल्ड खोप लगाउन थालेका छन्। भारततर्फ पहुँच तथा आफन्तजन भएकाहरूले भारतीय बजारमा गएर कोभिशिल्ड लगाउने गरेका छन्।

वीरगंजका एकजना बासिन्दाले नाम नछाप्ने शर्तमा भने मेरो परिवारका सबै सदस्यले सीमावर्ती भारतीय बजार रक्सौलमा पुगेर कोभिशिल्डको खोप लगाए। खोपको प्रतिमात्राको नेरु दुई हजार दुई सय तिरेर खोप लगाएको उनले बताए। "चार महीनाभित्र खोपको दोस्रो मात्रा लगाइसक्नुपर्ने हो, तर खोप आएन। रक्सौलकै एकजना आफन्तजनको सहयोगमा खोप लगाएका हौं," उनको भनाइ थियो।

भारतको बिहारमा सबैजनाले खोप लगाइरहेका छैनन्। डरको कारण खोप नलगाउँदा बिहारका विभिन्न जिल्लाका स्वास्थ्य चौकी र शहरमा खोप लक्ष्यभन्दा बढी भएको छ। नेपालीहरूले आफन्तजनको परिचयपत्र लिएर लाइनमा बसेर निश्शुल्करूपमा पनि खोप लगाइरहेको रक्सौलका सञ्चारकर्मीहरू बताउँछन्। उनीहरूका अनुसार भारतमा



वीरगंज भन्सार क्षेत्र। तस्वीरः प्रतीक

उत्पादन हुने कुल खोपको २५ प्रतिशत खोप निजी क्षेत्रलाई सरकारले बिक्री गरिरहेकाले कतिपय नेपालीले महँगो शुल्क तिरेर खोप लगाइरहेका छन्। यसमा भारतीय स्वास्थ्यकर्मी र अस्पतालका सञ्चालकहरू पनि मिलेमतो छ।

नेपालमा कोभिशिल्डको खोपको पहिलो मात्रा २७ लाख नागरिकले लगाइसकेका छन् भने पर्सामा मात्रै ३ हजार ५ सयजनाले लगाएको स्वास्थ्य कार्यालय पर्साको तथ्याङ्क छ। भारतमा खोप लगाउनेमा दोहोर नागरिकता लिएका तथा भारतीय परिचयपत्र हुने नेपालीहरू बढी छन्। वीरगंजका अधिकांश औद्योगिक प्रतिष्ठानका उद्योगी, व्यवसायी तथा कर्मचारीले भारतमै खोप लगाइरहेका वीरगंजका एकजना उद्योगीले बताए।

## बाढीबाट पर्सामा ७९ घरपरिवार विस्थापित

नितेश कर्ण, वीरगंज, २० असार/

यस वर्षको वर्षापछि आएको बाढीमा परी ७९ घरपरिवारका ३१६ जना महिला, पुरुष, बालबालिका विस्थापित हुनुपरेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

पोखरिया, सेढवा, पाँडेपुर, बुढगाई, रानीघाट, श्रीसिया, इनर्वा प्रहरी चौकीको रिपोर्ट अनुसार असार १७ देखि १९ गते तीन दिनको बाढीबाट ७९ घरपरिवारका ३१६ जना प्रभावित भएको जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले बताए। ८२ जना महिला, १४९ जना पुरुष र ९३ जना बालबालिका बाढीले विस्थापित भएका प्रहरी तथ्याङ्कले जनाएको छन्। विस्थापितहरू आफन्त, स्थानीय विद्यालय, वडा कार्यालय, सार्वजनिक सडक तथा



तस्वीरः फाइल

छिमेकीकहाँ आश्रय लिइरहेको प्रवक्ता खनालले बताए। बाढीबाट प्रहरी चौकी खेस्राहा पनि प्रभावित भएको छ। सो चौकीलाई हाल हरिहर निमावि खेस्राहामा सारिएको प्रवक्ता खनालले बताए।

यसैबीच, असार १७ देखि १९ गतेसम्म तीन दिनमा चटचाङबाट छजना महिला र दुईजना पुरुष गरी आठजना घाइते भएका छन् भने तीनजना पुरुष र एकजना महिला गरी चारजनाको मृत्यु भएको छ।

पानीमा डुबेर एकजना पुरुषको र अन्य विपद्बाट एकजना महिलाको मृत्यु भएको प्रवक्ता खनालले बताए।

## सोमवार चारवटा बैंकमा सासु भत्ता जान्छ –गुरुङ

प्रस, परवानीपुर, २० असार/

वीरगंज महानगरले सामाजिक सुरक्षा भत्ता वितरण गर्न ढिलाइ गरिरहेको छ। विगतका आवमा चैतदेखि असारसम्म चार महीनाको सामाजिक सुरक्षा भत्ता असारको पहिलो सातामैं भुक्तानी गर्दै आएको वीरगंज महानगरले चालू आवमा असार १८ गते बितिसक्दा पनि वितरण गर्न सकेको छैन।

वीरगंजका ३२ वटा वडामा गरी करीब १० हजारजना लाभग्राही छन्। उनीहरूले चौमासिकरूपमा सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्था छ। एउटा चौमासिकमा महानगरले करीब ९–१० करोड रुपैयाँ निकासा गर्दछ।

वीरगंज महानगरको सामाजिक विकास महाशाखा अन्तर्गतको सामाजिक



वीरगंज महानगर पञ्जीकरण शाखाकी प्रमुख बुद्धिमाया गुरुङ। तस्वीरः प्रतीक

सुरक्षा तथा पञ्जीकरण शाखाकी प्रमुख बुद्धिमाया गुरुङले आगामी साताको सोमवारपछि भत्ता पठाउने तयारी भइरहेको बताइन्। "केही नामावली रुजु गर्न वडा कार्यालयमा पठाएका छौं, एक/दुई दिनमा सबै आइपुग्छ, त्यस लगत्तै नगरप्रमुख र बैंकका प्रबन्धकहरूको बैठक बसेर सबै लाभग्राहीको खातामा रकम पठाउँछौं," उनले भनिन्। वीरगंजका ३२ वटा वडामा ६ वटा बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण हुन्छ। नेपाल बैंक, कुमारी बैंक, कृषि विकास बैंक, ग्लोबल आइएमई, ज्योति विकास बैंक र सनराइज बैंकमा रहेका लाभग्राहीहरूको खातामा महानगरले रकम निकासा गरेपछि लाभग्राहीले चेकमार्फत रकम झिक्न सक्छन्। नेपाल बैंकको आदर्शनगर,

(बाँकी तेस्रो पातामा)

## बाढीमा परेर चारजनाको मृत्यु

राजेश केशरीवाल, रक्सौल, २० असार/

बाढीमा परेर सुगौलीमा चारजनाको मृत्यु भएको छ।

सुगौली थानाध्यक्ष विवेक कुमारले बङ्गडा निवासी ४० वर्षीय सुनील शर्मा, दक्षिण छपरा बहास निवासी १९ वर्षीय सहाबुद्दीन र पचभीडवाकी अनिसा कुमारी र रिङ्कु कुमारीको बाढीमा परी मृत्यु भएको बताए। उनले शर्मा बाँध पार गर्ने क्रममा खुट्टा चिप्लेर लडी बगेको, सहाबुद्दीन शौच गर्न जाँदा बाढीले बगाएको र अनिसा तथा रिङ्कु नहर किनारमा खेल्दा डुबेर मरेको थानाध्यक्ष विवेक कुमारले बताए।

चारैजनाको खोजी गोताखोरहरूले गरेका थिए। उनीहरूको शव शल्यपरीक्षणको लागि मोतीहारी पठाइएको थानाध्यक्ष विवेक कुमारले बताए।

## निकुञ्जको हात्ती भारत पस्यो

राधेश्याम पटेल, वीरगंज, २० असार/

पर्सा राष्ट्रिय निकुञ्जबाट निस्केको हात्ती अहिले भारतीय क्षेत्रमा प्रवेश गरेको छ। नेपाली पक्षले हात्तीलाई नियन्त्रणमा



तस्वीरः प्रतीक

लिन र नेपाली जङ्गलतर्फ फर्काउन प्रयास नगर्दा सो हात्ती भारतीय क्षेत्रमा प्रवेश गरेको हो।

शुक्रवार बिहान ८ बजे पर्साको राष्ट्रिय निकुञ्जबाट जङ्गल क्षेत्रबाट १६ किलोमिटर दक्षिणमा रहेको बाराको सदरमुकाम कलैया–२ औधापुरमा उक्त हात्तीले स्थानीय किसान रामदेव पटेललाई आक्रमण गरी घाइते बनाएको थियो। गम्भीर घाइते पटेललाई अस्पताल लैजाँदै गर्दा उनको मृत्यु भएको थियो। त्यसपछि सो हात्ती साँझ उत्तरी भेगको जङ्गल हुँदै शुक्रवार बिहान ५ बजे रौतहटको उत्तरी पालिका देवाही गोनाही प्रवेश गरेको थियो।

शुक्रवार र शनिवार रौतहटका करीब आधा दर्जन पालिकामा उत्पात मच्चाउँदै शनिवार राति सो हात्ती भारतको सीतामढी जिल्लाको मसाहातर्फ लागेको जिल्ला प्रशासन कार्यालय रौतहटले जनाएको छ।

रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार सो हात्ती रौतहटमा मात्रै स्थानीयका घर, भकारी, धान र अन्य गरी करीब ३ लाख मूल्यभन्दा बढीको क्षति गरेको छ।

शनिवार दिनभरि सुरक्षाकर्मी, वनकर्मी, निकुञ्जकर्मीले हात्तीलाई नियन्त्रणमा लिन ठोस कदम नचाल्दा हात्ती नेपाल–भारत सीमाभन्दा १० किलोमिटर दक्षिणतर्फको भारतीय गाउँ मसाहासम्म पुगेको बताइएको छ।

प्रजिअ यादवले भने, "प्रहरी टोलीले हात्तीलाई धपाउने प्रयास गरेको थियो, तर हात्ती फर्केन, भारत पस्यो। रौतहटको

(बाँकी तेस्रो पातामा)

कोभिड–१९ रोग जो कसैलाई पनि हुन सक्दछ, सङ्क्रमणको आशङ्कामा सामाजिक विभेद नगरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## छोटकरी

### ९ जना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, २० असार/

नारायणी अस्पतालको पिसिआर प्रयोगशालाले आइतवार राति ९ जना सङ्क्रमित थपिएको जनाएको छ।

अस्पतालका कोडिभ संयोजक डा उदयनारायण सिंहले ९६ जनाको स्वाब परीक्षण गर्दा बाराका पाँच, पर्साका तीन र झापाका एक गरी नौजना सङ्क्रमित पुष्टि भएको बताए। सङ्क्रमितहरूको उमेर २० देखि ४७ वर्ष रहेको र उनीहरूको सिटी भ्यालू २४ देखि ३५ रहेको डा सिंहले बताए।

## विचारसार र सूक्तिहरू

**नम्रता देखाएर कसैको हृदयमा पश्चात्तापको भावना भरिदिनु कठोरताका साथ हप्काउनुभन्दा उत्तम हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# सङ्क्रमण उकालोतर्फ

**अहिले कोभिड–१९ को प्रकोप समाप्त भइसकेको छैन । लामो समय बन्दाबन्दीमा रहेकोले प्रसार हुन नपाएको मात्र हो । तर चार दिन पनि बितेको छैन, बन्दाबन्दी खुकुलो हुनेबित्तिकै सङ्क्रमणदर बढेको खबर आइसक्यो । यस्तो हुनुमा सरकारभन्दा नागरिक दोषी हो भन्ने कुरा ठोकुवा गर्न सकिन्छ । सरकारको सबैभन्दा ठूलो दोष भनेको झन्डै दुई महीना लामो बन्दाबन्दीमा पनि नागरिकका लागि कोभिड–१९ विरुद्ध खोप उपलब्ध गराउन सकेन । त्यसको आस पनि छैन, किनभने सरकार त आफूलाई जोगाउन लागेको छ । देशमा पहिलो चरणको कोरोना सल्किएसँग सरकारलाई अर्कै भेरिएन्ट 'सत्ता–सङ्क्रमण' सरिसकेको थियो । कोरोनासँगै सत्ता–सङ्क्रमणको राप र ताप पनि बढ्दै गएको थियो, जसको अहिलेसम्म कुनै खोप फेला परेको छैन । निश्चय नै मानिस आफ्नो स्वाभाविक प्रवृत्ति अनुसार पहिले आफूलाई जोगाउँछ अनि मात्र अरूलाई जोगाउन अग्रसर हुन्छ । झन् नेपालका सत्ताधारीहरू, जसका लागि जनता भनेको आफ्ना लागि भोट दिने 'एजेन्ट'बाहेक केही हुँदैन, उसको चिन्ता किन गरोस् ?**

**ज्यान नागरिकको जान्छ, दु:ख नागरिकले पाउँछ र विनासित्ती अस्पतालसम्मको भागदौड, पैसाको खति सबै बेहोर्ने नागरिकले हो । अहिले असार मसान्तको बेला हो । सरकारलाई विभिन्न किसिमको राजस्व सङ्कलन गर्नुपरेको छ, यस्तो बेला बन्दाबन्दी जारी राख्ने हो भने काम चल्न गाह्रो हुन्छ । यो स्वार्थको कुरा भयो, अर्को महत्त्वपूर्ण कुरा हो, मानिसलाई स्वेच्छा वा जबरजस्ती लामो समय थुन्न सकिँदैन । दैनन्दिनको कार्य व्यवहार चल्नैपर्छ, जसका लागि बन्दाबन्दी खारेज नै नगरे पनि खुकुलो त पार्नैपर्छ । यो विवशता हो । महीनौंदेखि, अझ धेरै हदसम्म वर्षभरि नै कलकारखाना बन्द रहे, उद्योग–व्यवसाय चलेन, बन्दाबन्दीको रापले मेहनतकर्मीहरूले काम गर्न पाएनन् । कोरोनाभन्दा यो भयावह अवस्था हो । यस्तोमा नागरिक आफैं सचेत नहुने हो भने सङ्क्रमणको दर मात्र होइन, मानवीय क्षति पनि बढ्न सक्छ । सङ्क्रमण भनेको रुघाखोकीको पनि हुन्छ । के रुघाखोकीका लागि सरकारले कुनै उपक्रम गर्दछ ? नागरिक आफैं सचेत हुन्छ, घरमा बस्छ, आराम गर्छ, तातो पेय र भोजन खान्छ। बढी ग्रस्त भयो भने चिकित्सकको सल्लाह लिन्छ। त्यसैगरी, सतर्कताका साथ कोरोनासँग बाँच्न सिकिएन भने अर्को उपाय छैन । हो खोपले धेरै हदसम्म यसको भय हटाउँछ तर रोग निमिटयान्न भने पार्दैन ।**

**हामी मानव इतिहासको यस्तो कालखण्डमा उभिएका छौं, जहाँ एकातिर भीर अर्कोतिर गहिरो गल्छी छ । यी दुईमध्ये कुन रोज्ने त्यो हाम्रो इच्छा हो । लापरवाह भएर काम गर्दै सङ्क्रमित हुने कि काम पनि गर्ने, सतर्क पनि रहने जसले गर्दा कोरोनाबाट प्रताडित हुनु नपरोस् । यो निर्णय गर्ने काम सरकार र नागरिक दुवैको हो । तर सरकार अघि सर्दैन भने नागरिकले अघि सरेर रोकथामको उपाय गर्नुपर्छ । अब त शत्रु को हो, कसरी आउँछ, कसरी यसलाई आउन दिनुहुँदैन भन्ने कुरा व्यक्ति–व्यक्तिलाई थाहा भइसकेको छ । तर पनि कोही सङ्क्रमित हुन्छ भने त्यसलाई के भन्ने ? हिजोसम्म स्थिर रहेको सङ्क्रमणदर आज उकालो लाग्नु, त्यो पनि चार बित्न नपाउँदै, भनेको घोर लापरवाही हो । अझ बन्दाबन्दी खारेज नै गरिदिने हो भने के परिणाम होला अनुमान लगाउँदै कहाली लाग्छ ।**

# खराबीको जरा हाम्रै शिक्षामा छ

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


> **गहरिएर अवलोकन गर्दा के पाउँछौं भने केटाकेटी केही कुरा बुवासँग, केही आमासँग र त्योभन्दा बढी आफ्नो परिस्थिति र परिवेशसँग सिक्छन् । केटाकेटीमा सिक्ने नैसर्गिक क्षमता हुन्छ । आमाबुवा, शिक्षक वा समाजले उनीहरूलाई बाटो देखाउने काम मात्र गर्छन् ।**

कसैले आफ्नो सन्तानलाई गलत शिक्षा दिंदैन, तर पनि उनीहरू गलत कुरो सिकिरहेका हुन्छन् । यसको अर्थ हाम्रो शिक्षा पद्धतिसँगै खराबीको सामाजिक तालिम पनि चलिरहेको छ । विद्यार्थीहरू असल वा खराब हुनुमा साथीहरूको पनि त्यत्तिकै योगदान हुन्छ । 'कल क्या होगा किसे है पता, अभी जिन्दगी का ले लो मजा' भन्ने साथी हुन्छन्, कोही पढाइमा रम्ने हुन्छन् त कोही सफलताको छोटो बाटो खोज्न व्यस्त हुन्छन् भने कोही त्यो हासिल गर्न समाजबाट ज्ञान प्राप्त गरिरहेका हुन्छन् । प्रस्तुत आलेखमा केटाकेटीहरूमा देखिएको नराम्रोपनाको जरो खोतल्ने जमर्को गरिएको छ ।

जन्मँदा बच्चाको मस्तिष्कमा सबैखाले संस्कार भरिएको हुन्छ । भनिन्छ यो संस्कार पूर्वजन्म र वंशानुगत हुने गर्दछ जसलाई विज्ञानले स्वीकार गर्दैन । समाजबाट केटाकेटीहरू यसलाई आआफ्नो हिसाबले ग्रहण गर्छन् । उनीहरूले बुद्धिले भ्याएसम्म त्यसलाई पाल्छन् । यसरी उनीहरू असल वा खराब बन्छन् । तर समाजमा बस्ने हरेक मानिसलाई के लाग्दछ भने उसले दिएको शिक्षा सही र राम्रो छ । यद्यपि त्यो ठीक हो भन्न सकिंदैन ।

आज संस्कार र संस्कृतिको नाउँमा खोक्रो आदर्शको कुरो र कुहिएको नैतिकताको कुनै अर्थ छैन । उदाहरणका लागि जाँड र रक्सी सेवन गर्ने मानिसलाई समाजबाट बहिष्कृत गर्नुपर्छ भन्नु र परिवारमा यदि बुवा स्वयं रक्सी खान्छ भने बुवालाई सम्मान दिनुपर्ने मान्यताबीच अन्तर्विरोध चल्न थाल्छ । यसकारण केटाकेटीहरू परिवार, विद्यालय र क्याम्पसभन्दा बढी आफ्नो समाज, सांस्कृतिक माध्यम र प्रत्यक्ष घटनाबाट सिक्छन् । आज हाम्रो सम्पूर्ण परिवेश दूषित छ । तसर्थ खराबीको जरा तथाकथित 'राम्रो शिक्षा'मा लुकेको छ ।

विद्यार्थीहरू सुनेरभन्दा देखेर बढी सिक्छन् । शिक्षक र अभिभावकहरूले विद्यार्थीहरूलाई आफ्नो तर्फबाट राम्रै कुरा सिकाउँछन् तर उनीहरूको व्यवहार र आचरण ठीक विपरीत हुन्छ भने सिकाइएको कुराको परिणाम शून्य हुन्छ । यहीं हामी सबै ठूलो गलती गर्ने गरेका छौं । विडम्बना के छ भने यसतर्फ सुधारको कुनै प्रयास हालसम्म अपवादबाहेक देखा पर्दैन । यहाँनिर एउटा गम्भीर प्रश्न के उठ्न सक्छ भने के शिक्षक र अभिभावकको आफ्नो शिष्य वा सन्तानप्रति गर्ने व्यवहारले नै उनीहरूलाई खराबीतर्फ अग्रसर हुन प्रेरित गर्दछ ? यसैगरी यदि हामीले आफ्नो सन्तानलाई चोरी गर्नु राम्रो हैन भनी सिकाउँछौं तर स्वयं भ्रष्टाचारमा लिप्त छौं भने उनीहरूले के सिक्लान् ? निश्चितरूपले उनीहरू नजानिंदो किसिमले धेरै कुरा–जस्तै चोरी, बेइमानी सिक्छन् र समाजलाई अस्तव्यस्त पार्ने अभ्यास गर्छन् ।

समाजसँग असल वा खराब मापन कुनै यन्त्र हुँदैन । समाजले जहिले पनि अनौपचारिक आचरण र औपचारिक कुरा गर्दछ । हात्तीजस्तै समाजको पनि खाने र देखाउने दाँत बेग्लाबेग्लै हुन्छ । शिक्षा दिने मुद्दामा हुँदा हामी गम्भीर भावले 'झूटो कुरा गर्नुहुँदैन, चोरी गर्नु हुँदैन, इमानदार बन्ने प्रयास गर्नुपर्छ, महिलाहरूको सम्मान गर्नुपर्छ' जस्ता भाव प्रकट गर्छौं तर मुक्त हुनासाथ परिवर्तित भाव अनुसार कुरा गर्न थाल्छौं । यसको सङ्क्रमण त हुन्छ नै । एउटै काम केटाकेटीहरूका लागि खराब र ठूलाहरूका लागि राम्रो कसरी हुन सक्छ ?

वर्तमानमा आमाबुवासँग सन्तानलाई शिक्षा दिने समय छैन । शिक्षा दिनु र शिक्षा दिन लगाउनुमा फरक हुन्छ । हामी प्राय: हामी आफ्नो जिम्मेवारी अरूमा सार्ने गर्छौं । अनुभवले के देखाएको छ भने आमाबुवा सन्तानलाई विद्यालय वा क्याम्पसमा भर्ना गराई ढुक्क हुन्छन् । बालसुलभ ससाना प्रश्नहरूको जवाफ कि उनीहरूसँग हुँदैन वा त्यसलाई विस्तारपूर्वक बताउने समय हुँदैन । एउटा विद्यार्थीको मन शिक्षाको प्रारम्भिक चरणमा निकै जिज्ञासु हुन्छ । यस जिज्ञासालाई आमाबुवा वा शिक्षक उद्दण्डता ठान्छन् । मानिसको ठूलो कमजोरी सहीको तुलनामा गलत कुरो छिट्टै ग्रहण गर्नु हो । राम्रो वा नराम्रो कुराको विकासका लागि परिवेश, आमाबुवा, अभिभावक र शिक्षकहरूको आचरण बढी जिम्मेवार हुन्छ किनभने प्रेम, प्रशंसा र स्वतन्त्रताबाट वञ्चित विद्यार्थीहरू खराबीतर्फ छिट्टै अग्रसर हुन्छन् ।

बाल्यकालको दमनले असुरक्षाको जन्म हुन्छ र उनीहरू नै बढी आपराधिक गतिविधितर्फ अग्रसर हुन्छन् । यस्ता केटाकेटीहरूका लागि शिक्षा एउटा औषधि हुन सक्छ तर यसका लागि शिक्षकहरूले उनीहरूभित्र आत्मविश्वास सञ्चार गर्ने प्रयास गर्नुपर्छ । यस क्रममा हुन सक्छ उनीहरूलाई एउटै कक्षा उत्तीर्ण गर्न दुई–तीन वर्ष लागोस् । शिक्षकहरूले के पनि के विचार गर्नुपर्छ भने एउटै परिवेशमा हुर्केका बच्चा पनि फरक प्रवृत्तिका हुन सक्छन् । यस कारण विद्यार्थीको सन्दर्भमा निष्कर्षमा पुग्न हतार गर्नुहुँदैन, किनभने कैयौंपटक परिणाम हाम्रो बुझाइभन्दा बाहिर हुन्छ । एउटै परिवेशले कसैलाई हिंसक र कसैलाई सहिष्णु बनाउने कुराबाट के प्रस्ट हुन्छ भने परिवेश सबैथोक हैन, हाम्रो व्यवस्थाले यस दुष्चक्रलाई कायम राख्न खोज्छ किनभने यसले निराश्रित, उत्पीडित, उपेक्षित र दलित वर्गका केटाकेटीहरूका लागि गम्भीरतापूर्वक कुनै प्रयास गरेको देखिंदैन । एकजना शिक्षकले कक्षामा भने–"म जे भन्छु, त्यो गर, जे गर्छु त्यो नगर" । हाम्रो सामाजिक व्यवस्थाले पनि त्यही कुराको प्रतिपादन गर्दछ । आज बेइमान हुनु वर्तमान व्यवस्थाको आवश्यकता हो जस्तो लाग्न थालेको छ । वर्तमान राजनीतिक परिदृश्यले के देखाइरहेको छ भने बेइमान हुनु यस व्यवस्थाको डी.एन.ए.मा छ किनभने शब्दबाहेक यस व्यवस्थाले हामीलाई केही दिएको छैन ।

केटाकेटीहरू भावुक हुन्छन् । हामीले उनीहरूलाई जुन कुराबाट टाढा राख्न खोज्छौं त्यसतर्फ नै उनीहरू बढी आकर्षित हुन्छन् । हामीले उनीहरूलाई साँचो बोल्न सिकाउँछौं तर उनीहरू झूटो बोलिरहेका हुन्छन् । बन्धनमा बाँध्ने कोशिश गर्दा उनीहरू त्यसलाई तोड्ने कोशिश गर्छन् र त्यसमा सफल पनि हुन्छन् । यही कारण हो उनीहरू सिकेर पनि केही सिक्दैनन् । केटाकेटीहरू समक्ष पुग्ने मनगढन्ते कुराले पनि उनीहरूलाई नराम्रो बनाउन त्यतिकै भूमिका निर्वाह गर्छ । सामाजिक मामिलामा गैरजिम्मेवार नागरिकहरू पनि दोषी हुन् । आजका केटाकेटीहरूलाई हामी वयस्क, आफूले उपभोग गरेको बाल्यकालको स्वतन्त्रता दिएका छैनौं । आजका केटाकेटीहरूलाई हामीले दिएको मोबाइलले घरमा बन्दी बनाएर राखेको छ किनभने उनीहरूको प्रश्नमाथि हामीले विराम लगाएका छौं । उनीहरू आफ्नो वरिपरि घटेका घटनाबारे जान्न खोज्छन् तर हामीले उनीहरूको तिर्खा मेटाउनुको साटो झन् बढाउने काम गर्छौं । यस कारण पनि नराम्रो प्रवृत्ति उनीहरूमाथि हावी हुने गरेको छ ।

अर्को कारण के हो भने हामीहरू जहिले पनि केटाकेटीहरूप्रति उपदेशकको मुद्रामा हुन्छौं तर परिवेश र जीवनको पाठशालाबाट उनीहरू धेरै कुरो स्वत: सिकिरहेका हुन्छन् । सञ्चारको व्यापकताले नैतिक कथा र पवित्र विचारले कसैको सोच्ने तरीकामा परिवर्तन ल्याउँदैन । अरूमा परिवर्तनको अपेक्षा राख्नुको साटो स्वयं आफूलाई परिवर्तन गर्नु वर्तमानको खाँचो रहेको छ । हामी केटाकेटीहरूलाई राम्रो काम गर्न सिकाउँछौं तर स्वयं आफ्नो काम बिर्सन्छौं । विद्यालयलाई पनि हामीले यसै परिप्रेक्ष्यमा हेर्न सक्छौं । मूल्य र मान्यताको कुरा गरिन्छ तर त्यसलाई व्यवहारमा समाविष्ट गरिंदैन । परिणामस्वरूप केटाकेटीहरूसँग जस्तो व्यवहारको अपेक्षा समाजले गर्छ त्यस्तो देखा परिरहेको छैन ।

आमाबुवासँगै सामाजिक वातावरणले पनि केटाकेटीहरूको चरित्र र व्यक्तित्व निर्माणमा अहम् भूमिका निर्वाह गर्छ । उनीहरू घरमा जे देख्न् त्यही सिक्छन् र त्यही आचरण अङ्गीकार गर्छन् । जबसम्म सम्पूर्ण वातावरण प्रदूषणमुक्त हुँदैन तबसम्म विकृति निर्मूल हुने कुरा सम्भव देखिंदैन । भिन्नभिन्न परिवेशबाट आएका हुनाले साथीहरूको बढी प्रभाव उनीहरू माथि पर्छ । यस कारण विद्यार्थीहरूलाई राम्रो वातावरण दिइयो भने उनीहरूमा धेरै राम्रा बानी सजिलै विकसित गर्न सकिन्छ तर यसका लागि सैद्धान्तिक उपदेशको साटो बढीभन्दा बढी अवसर प्रदान गर्नुपर्छ । साथै शिक्षा दिनेहरूले पनि आफ्नो व्यवहारबाट उनीहरूलाई प्रभावित गर्दै अपेक्षित परिवर्तनको प्रयास गर्नुपर्छ ।

समाजमा असल र खराब दुवै विद्यमान छ । सामाजिक बाटोमा हिंड्दा हाम्रो जम्काभेट यी दुवैसँग हुनु स्वाभाविक हो । सामाजिक परिवेश, मित्रमण्डली, टेलिभिजन, सिनेमा र सञ्चारका अन्य साधनहरू यसका प्रत्यक्ष उदाहरण हुन् । सही र गलतको ज्ञान दिनेसँग हाम्रो भेट मुश्किलले हुन्छ । एक स्तरपछि आमबुवा पनि भारतीय कथाकार मुंशी प्रेमचन्दको कथा 'नमक का दरोगा' को पात्र वंशीधरको बुवाजस्तै 'तलब पूर्णिमाको चन्द्रमा र घूस बगेको नदीको धारा' जस्तै देख्न थाल्छन् । विद्यालयदेखि विश्वविद्यालयसम्म पुग्दापुग्दै मानिस स्वतन्त्र सोच र व्यक्तित्वको स्वामी बन्छ । आज विद्यालयदेखि विश्वविद्यालयसम्म कुन प्रकारको भ्रष्टाचार भइरहेको छ, कसैसँग लुकेको छैन । ककसले सम्मान प्राप्त गरिरहेको छ यो पनि लुकेको छैन । हाम्रा राजनीतिज्ञहरू कस्ता क्रियाकलाप गरिरहेका छन् यो पनि कसैसँग लुकेको छैन । यस्ता क्रियाकलापले पनि कमजोर र इमानदारलाई निष्क्रिय हुन 'शिक्षा' दिइरहेको हुन्छ ।

छिमेकमा आगो लागेको छ भने धेरै बेरसम्म आफ्नो घर जोगाउन सकिंदैन । बुद्धिमता के हो भने घरबाट बाहिर निस्केर छिमेकको आगो निभाउन एकजुट हुनुपर्छ । खाँचो आत्मावलोकनको हो, किनभने परिस्थिति र परिवेशले पनि धेरै कुरो सिकाएको छ । गहरिएर अवलोकन गर्दा के पाउँछौं भने केटाकेटी केही कुरा बुवासँग, केही आमासँग र त्योभन्दा बढी आफ्नो परिस्थिति र परिवेशसँग सिक्छन् । केटाकेटीमा सिक्ने नैसर्गिक क्षमता हुन्छ । आमाबुवा, शिक्षक वा समाजले उनीहरूलाई बाटो देखाउने काम मात्र गर्छन् । समाज, परिवार वा विद्यालयको स्वस्थ र स्वच्छ वातावरण केटाकेटीहरूको विकासका लागि अति आवश्यक हुन्छ तर त्योभन्दा पनि बढी, पहिले स्वयंलाई राम्रो बनाउने प्रयास गर्नुपर्छ । निष्कर्षमा भन्न सकिन्छ खराबीको जरा उनीहरूले हासिल गर्ने शिक्षामा नै लुकेको छ ।

# प्रतिनिनिधिसभा विघटन: सभामुखतर्फबाट बहस शुरू

काठमाडौं, २० असार/रासस

सर्वोच्च अदालतमा प्रतिनिधिसभा विघटनसम्बन्धी रिट निवेदनमा सभामुखका तर्फबाट बहस शुरू भएको छ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको संवैधानिक इजलासमा शुक्रवार सरकारी पक्षको बहस सकिएपछि आइतवार समाभुखका तर्फबाट अधिवक्ता मेघराज पोखरेलले बहस शुरू गरेका हुन् ।

सभामुखका तर्फबाट बहस गर्ने कानून व्यवसायीका लागि एक घण्टाको समय छुट्याइएको छ । उनका तर्फबाट वरिष्ठ अधिवक्ता श्यामप्रसाद खरेल, लवप्रसाद मैनाली, उपेन्द्रकेशरी न्यौपाने र अधिवक्ता श्रीकृष्ण सुवेदीले बहस गर्नेछन् ।

त्यसपछि रिट निवेदकका तर्फबाट जवाफी बहस हुनेछ । त्यसका लागि तीन घण्टाको समय तोकिएको छ । अनि अदालतका सहयोगीको पालो आउनेछ । त्यसका लागि दुई घण्टाको समय निर्धारण गरिएको छ । सोमवार सम्पूर्ण बहस सकिनेछ ।

उक्त विवादमा ३० वटा रिट निवेदन परेका थिए ।

### निवेदकका तर्फबाट जवाफी बहस शुरू

प्रतिनिधिसभा विघटनसम्बन्धी मुद्दामा सभामुख अग्निप्रसाद सापकोटाको तर्फबाट बहस सकिएर रिट निवेदकका तर्फबाट जवाफी बहस शुरू भएको छ । जवाफी बहसका लागि तीन घण्टाको समय तोकिएको छ ।

प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा, वरिष्ठतम न्यायाधीश दीपककुमार कार्की, मीरा खड्का, ईश्वरप्रसाद खतिवडा र डा आनन्दमोहन भट्टराईको संवैधानिक इजलासमा वरिष्ठ अधिवक्ता रमणकुमार श्रेष्ठले जवाफी बहस शुरू गरेका छन् ।

प्रधानन्यायाधीश राणा र अन्य न्यायाधीशहरूले जवाफी बहस शुरू गर्नुअघि विभिन्न प्रश्न राखेका थिए । उनीहरूले शेरबहादुर देउवाले राष्ट्रपतिसमक्ष प्रधानमन्त्रीको दाबी पेश गर्दा नक्कली कागजात पेश भएको, केरमेट गरिएको, टिपेक्स लगाएको आरोप छ ?, १४६ जनाको रिट निवेदनमा पाँचजना मात्र निवेदक थिए भन्ने छ त्यो के हो ? संवैधानिक इजलासमा आउने प्रक्रिया पूरा भएन, भन्ने छ त्यो के हो ?, अदालतले प्रधानमन्त्री नियुक्त गर्ने हो ? संविधानको आफ्नै प्रक्रिया छ, अदालतले के गर्ने हो ? जस्ता प्रश्न रहेका छन् । रिट निवेदकका तर्फबाट जवाफी बहस गर्ने कानून व्यवसायीले ती प्रश्नको जवाफ दिनेछन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा दैनिक २.३४ प्रतिशत सङ्क्रमित

नयाँ दिल्ली, २० असार/एएनआई

भारतमा पछिल्लोपटक कोरोना भाइरसका दैनिक सङ्क्रमितको सङ्ख्या २.३४ प्रतिशत रहेको पाइएको छ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा थप ४३ हजार ७१ जना सङ्क्रमित थपिएका छन्।

लामो समयपछि एक दिनमा ५० हजारभन्दा कम सङ्क्रमित भएको यो आठौंपटक हो, मन्त्रालयका एक अधिकारीले भने। भारतमा अहिले ९७.०९ प्रतिशत सङ्क्रमित सङ्क्रमणमुक्त भएको मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ।

पछिल्लो एक दिनमा देशभरि कुल ५२ हजार २९९ जना कोरोना भाइरसबाट सङ्क्रमणमुक्त भएको पाइएको छ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या भने चार लाख ८५ हजार ३५० रहेको छ।

पछिल्लो एक हप्तामा भारतमा थप नयाँ सङ्क्रमितहरूको सङ्ख्या २.४४ प्रतिशत रहेको छ भने दैनिक सङ्क्रमितहरूको सङ्ख्या २.३४ प्रतिशत रहेको छ, मन्त्रालयले भनेको छ। भारतमा एक दिनमा १८ लाख ३८ हजार ४९० जनाको कोरोना परीक्षण गरिएको छ।

योसँगै भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरूको सङ्ख्या ४१ करोड ८२ लाख ५४ हजार ९५३ पुगेको छ। रासस

# पहिरोमा बेपत्ता भएकाहरूको खोजी जारी

अतामी, जापान, २० असार/एएफपी

जापानमा पहिरोमा परी बेपत्ता भएकाहरूको खोजी कार्य जारी रहेको छ।

पहिरो गएको पहाडी क्षेत्रमा आइतवार पनि खोजी कार्य जारी रहेको अधिकारीहरूले जानकारी दिएका छन्।

पहिरोमा परी कम्तीमा दुईजनाको मृत्यु पुष्टि भएको छ भने अरू १० जनालाई घटनास्थलबाट उद्धार गरिएको छ। जापानको मध्य क्षेत्रमा पर्ने अतामीमा भएको घटनामा परी अरू २० जना अझै पनि हराइरहेका अधिकारीहरूले जनाएका छन्।

स्थानीय सरकारी अधिकारीहरूले खोजी कार्य जारी रहे पनि बेपत्ता भएकाहरू जीवितै भेटिने सम्भावना कम रहेको बताएका छन्।

अत्यधिक वर्षासँगै शनिवार बिहान भीषण पहिरो गएको थियो। घटनाप्रति प्रधानमन्त्री योशिहिडे सुगाले दुःख व्यक्त गरेका छन्। उनले खोजी तथा उद्धार र राहत कार्यका लागि कुनै कसर बाँकी नराख्न समेत निर्देशन दिएका छन्। रासस

# तालिबानले कन्दाहार नियन्त्रणमा लियो

अफगानिस्तान, २० असार/एएफपी

अफगानिस्तानको प्रमुख विद्रोही तालिबान समूहले रातभरको सङ्घर्षपश्चात् कन्दाहार जिल्लालाई आफ्नो नियन्त्रणमा लिएको छ।

अमेरिकी सेनाले यही जुलाई महीनाभित्रै अफगानिस्तान छाड्ने तयारी गरेसँगै तालिबान समूहले अफगानी सरकारी सेनाविरुद्ध आक्रामक कारबाईलाई तीव्र बनाएको छ।

कन्दाहारलाई तालिबानी समूहले आफ्नो प्रमुख गढको रूपमा लिने गर्दछ। गत मे महीनादेखि नै अफगानिस्तानका ग्रामीण क्षेत्रहरूलाई तालिबान समूहले आफ्नो नियन्त्रणमा ल्याउने अभियान सफलतापूर्वक सञ्चालन गरिरहेका छन्।

काबुलनजीकैको बघराम हवाई मैदान अमेरिकी र नेटो सैनिकले खाली गरेको दुई दिनभित्रै कन्दाहार प्रान्तको दक्षिणी पन्जवाई जिल्लालाई तालिबानीहरूले नियन्त्रणमा लिएका छन्।

बघराम हवाई मैदानबाट अमेरिकी सेनाले तालिबान र अलकायदाविरुद्ध दुई दशक हवाई आक्रमण गर्ने गरेको थियो।

पञ्जवाई जिल्लाका गभर्नर हास्ती मोहम्मदले तालिबान समूह र अफगान सेनाबीच रातभर गोली हानाहान भएको र बिहान अफगान सेनाले जिल्ला छाडेको जानकारी दिए। उनले तालिबान समूहले जिल्ला प्रहरी मुख्यालय र गभर्नरको कार्यालयलाई कब्जामा लिएको बताए। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष – सुयश | वृष – व्यर्थभ्रमण |
| मिथुन – प्रसन्नता | कर्कट – पदोन्नति |
| सिंह – ईश्वरभक्ति | कन्या – कष्टानुभूति |
| तुला – नारीसुख | वृश्चिक – अलमल |
| धनु – खिन्नता | मकर – वाहनकष्ट |
| कुम्भ – राज्यलाभ | मीन – कान्तिक्षय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## निकुञ्जको हात्ती.....

देवाही गोनाही हुँदै शिवनगर, मिठुअवा, जेठरहिया, पचरूखी हुँदै अन्तिमपटक शनिवार राति राजदेवी नगरपालिकाको बेलबिछ्वामा देखिएको थियो।

हात्ती भारत पसेपछि फर्केर आउँछ कि आउँदैन चिन्ताको विषय भएको वन अधिकारीहरू बताउँछन्। पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत मनोज साहका अनुसार हात्तीलाई नियन्त्रणमा लिने कुनै अरू उपाय नभएकाले उसलाई नियन्त्रणमा लिन वा फर्काउन नसकिएको स्वीकार गरे। "हात्तीलाई नियन्त्रणमा लिन हामीसँग स्रोतसाधन छैन, कर्मचारी लगाएर धपाउने काम मात्र गरियो, तर सकिएन," उनले भने, "अहिले पनि हात्ती भारत पसेको बारेमा हामीसँग ठोस जानकारी छैन।" विदेशमा जस्तै बेहोश बनाउने सुई लगाएर गाडीमा लोड गरी जङ्गलमा ल्याएर किन छोडिएन भन्ने प्रश्नमा उनले भने, "यस्तो प्रविधि हामीसँग नभएकोले नगरिएको हो।" पर्सा राष्ट्रिय निकुञ्जमा पछिल्लो गणना अनुसार ६५ भन्दा बढीको सङ्ख्यामा रैथाने हात्ती समूहमा बसोबास गर्छन्।


## वर्गीकृत विज्ञापन








# दीनदु:खीको सहारा बन्दै रिक्शाचालक

फिचर



विमला गुप्ता

**रिक्शाचालक केदार समाजका लागि एक उदाहरणीय व्यक्ति हुन्। उनले गरेको समाजसेवाको लेखाजोखा गर्न सकिंदैन। लकडाउनले गर्दा उनले ब्याट्रीको लागि लिएको ऋण चुक्ता गर्न सकेका छैनन् तर पनि उनी समाजसेवामा अग्रसर छन्।**

विमला गुप्ता, वीरगंज, २० असार/

कोरोना सङ्क्रमणकालमा भएको लकडाउनमा हरेक व्यक्ति प्रभावित भए। को धनी को गरीब हरेक व्यक्तिको आर्थिक अवस्थामा यसले नराम्रोसँग प्रभाव पार्‍यो। रिक्शाचालकहरूको कुरा गर्नुपर्दा उनीहरूको अवस्था त झनै नाजुक देखिन्छ। एक त आधुनिकताका कारण मानिसहरूले रिक्शा चढ्न कम गरे, त्यसमा लकडाउनले गर्दा परिवारको गुजारा गर्न नै गा-हो भएको रिक्शाचालकहरूको दुःखेसो छ।

लकडाउनको मारमा परेका हामी सबैको व्यथामध्ये रिक्शाचालक केदार तिमल्सिनाको कथा अलि फरक छ। आफैं विपन्नताको मार सहिरहेका रिक्शाचालक केदार अहिले समाजसेवामा लागिपरेका छन्।

करीब २१ वर्षदेखि रौतहटको चन्द्रपुर नगरपालिकाको सडकमा रिक्शासँगै भौंतारिरहेका केदारले आफू जस्तै अन्य गरीब असहायको मर्म बुझ्ने गरेका छन्। रिक्शामा ग्राहक र मनमा सेवाभाव बोकेर हिंड्ने ४५ वर्षीय केदार हरेक विपद्को समयमा गरीब असहायको साथमा भेटिन्छन्। रौतहटको मुसहरबस्तीदेखि मकवानपुरको चेपाङबस्तीसम्म उनले भ्याएसम्म व्यक्तिगतरूपले र दाताबाट आएका खाद्यान्न र लत्ताकपडा सहयोग गर्दै आएका छन्। अधिकांश सहयोग उनी आफ्नो व्यक्तिगत कमाइबाटै गर्छन्।

यस वर्षको लकडाउनमा उनले कोठा भाडामा लिएर बस्ने ५५ जना अपाङ्ग तथा असहायलाई सहयोग गरे। रिक्शाचालक केदारले आफूले कमाएको ३९ हजार र शीतलहरको बेलामा दाताले पठाएको सहयोग रकमबाट बचेको ५ हजार गरी रु ४४ हजारबाट ५५ जनालाई जनही एक बोरा चामल, तीन किलो दाल, एक लिटर खानेतेल र एक किलो सोयाबिन सहयोग गरेको बताए। गत वर्षको लकडाउनमा पनि उनले २९५ जना प्रभावित व्यक्तिका लागि सहयोग जुटाएका थिए।

अब हामी सबैको मनमा एउटै प्रश्न उब्जिन्छ, यस्तो विपद्को समयमा एक रिक्शाचालकले कसरी यति रकम सहयोग गर्न सकेका होलान्? तर केदार भन्छन्, "हाम्रो मनमा सहयोगी भावना हुनुपर्छ, हामीले आफ्नो कमाइबाट केही रकम दिनहुँ बचत गर्न सके, धेरै दीनदु:खीलाई सहयोग गर्न सक्छौं।" हाम्रो मधेसमा एउटा उखान पनि छ, "बुंद बुंद से तलाव भरेला" अर्थात् थोरै थोरै जम्मा गर्न सके धेरै बचत हुन्छ।

रिक्शाचालक केदारले पनि आफ्नो कमाइबाट यसरी नै सहयोग रकम जम्मा गर्छन्। उनले भने, "लकडाउनभन्दा पहिला म दिनको दुई हजारदेखि तीन हजार रुपैयाँसम्म कमाउँथें। जसमध्ये एक हजार रुपैयाँ छोराछोरीको पढाइको लागि छुट्याउँथें भने एक हजार रुपैयाँ समाजसेवाको लागि। बाँकी रहेको रकमले घरखर्च चलाउँथें। यसरी जम्मा गरेको रकम बाढी, पहिरो, शीतलहर, अग्निपीडित तथा अन्य विपद्को मारमा परेकाहरूलाई सहयोग गर्छु।" अहिले लकडाउनले गर्दा केदारको ईरिक्शाबाट दिनको कमाइ दुई सयदेखि तीन सय रुपैयाँ हुने गरेको छ। पहिलो लकडाउनमा कमाएर जम्मा गरेको रकमले अहिलेको लकडाउनमा सहयोग गरेको उनले बताए।

उनको जीवनमा एउटा अचम्मको कुरा के छ भने उनी आफैं ऋणमा डुबेका छन् तर पनि सेवाभाव भने छाडेका छैनन्। उनी आफैं पुरानो च्यातेको लुगा लगाउँछन्। उनी दाताले अरू गरीब असहायको लागि पठाएको लुगा कहिल्यै नलगाएको बताउँछन्। उनले राहतमा आएको चामल पनि घरखर्चको लागि राख्दैनन्। एक कट्ठा जग्गामा उब्जाएको दुई बोरा धान र बारीमा फलाएको मकै मात्र उनको घरमा देखिन्छ। विगत ६



चन्द्रनिगाहपुरमा ईरिक्शा चलाउँदै केदार तिमल्सिना।





गरीब परिवारलाई राहत वितरण गर्दै तिमल्सिना। तस्वीरः लेखक

वर्षदेखि उनले ब्याट्रीबाट चल्ने ईरिक्शा चलाइरहेका छन्। ईरिक्शा उनले अढाई लाख रुपैयाँ ऋण लिएर खरीद गरेका हुन्। कमाउँदै उनले कर्जा चुक्ता त गरे तर ईरिक्शाको लागि आवश्यक पाँचवटा ब्याट्री सहकारी संस्थाबाट डेढ लाख रुपैयाँ ऋण लिएर खरीद गरेका छन्।

### रिक्शाचालकदेखि समाजसेवाको यात्रा

२०४५ सालमा हजुरबुबासँगै काभ्रे जिल्लाबाट तराई झरेका केदार तिमल्सिनाको हाल बसाइ चन्द्रपुर नगरपालिकाको वडा नं ४ कप्तान टोलमा छ। काठ र माटोले बनेको दुई तले घरमा उनकी दोस्री पत्नी र छोराछोरी सँगै बस्छन्। पहिलो विवाह उनको सुखद रहेन। घरको आर्थिक अवस्था कमजोर भएकोले उनले दुई कक्षासम्म मात्र पढ्न पाए। जस कारण आफ्नो गुजारा गर्नका निम्ति उनले २० वर्षको उमेरदेखि पाइडल भएको रिक्शा चलाउन शुरू गरे। उनको परिवारमा कमाउने उनी एकमात्र सदस्य हुन्। आफूले भोगेको दुःख सम्झँदै केदार भन्छन्, "आफू जस्तै छोराछोरीले रिक्शा चलाएर खान नपरोस् भनेर दुःख गरेर भएपनि उनीहरूको पढाइमा कुनै कमी गर्दिनँ।"

रिक्शाचालकसँगै समाजसेवामा प्रवेश गर्नुको श्रेय उनी सामाजिक सञ्जाललाई दिन्छन्। फेसबूकबाट सहयोग जुटाएर उनी पहिलोपटक समाजसेवामा लागेका हुन्। करीब डेढ दशकदेखि केदार तिमल्सिना समाजसेवामा छन्। उनले रिक्शा चलाएरै आफ्नो परिवार पाल्नुका साथै समाजसेवा पनि गर्दै आएका छन्।

उनी २०६४ पुसतिरको एउटा प्रसङ्ग भन्छन्– "रौतहटमा सामुदायिक रेडियो नूनथर सञ्चालनमा आएको थियो, जसको नियमित श्रोता म पनि थिएँ। रेडियोका कर्मचारी बोकेर स्टेशनसम्म पुर्‍याउने मेरो जिम्मेवारी थियो। सोही क्रममा रेडियो कार्यक्रममा सहभागी हुनका लागि प्रस्तोताहरूले नै मेरो फेसबूक आइडी खोलिदिए। त्यो बेला तराईमा कोही सहयोगी दाता थिएनन्। एक दिन मैले मुसहरबस्तीमा रातभरि पराल बालेर बसेको एउटा परिवारलाई देखें। शीतलहरमा पराल बालेर शरीरलाई न्यानो बनाउँदै गरेको तस्वीर मैले मोबाइलमा खिचें र अपलोड गरें।"

"त्यो तस्वीर अपलोड गरेको तीन दिनपछि काठमाडौंका समाजसेवी विष्णुप्रसाद गौतमले हेरेछन्, र उनले मसँग सम्पर्क गरे। गौतमले काठमाडौंबाट शीतलहरबाट बच्न न्यानो सहयोग अभियान अन्तर्गत २८ सय थान कम्बल पठाइदिए। ती कम्बल आफ्नो रिक्शामा राखेर पराल बालेर रात काट्ने बस्तीमा पुगेर बाँडें। भोलिपल्ट राति मुसहरबस्तीमा गएँ तर कसैले न्यानोको लागि पराल बालेको देखिनँ। सबैजना कम्बल ओढेर मस्तले सुतेको देख्दा त्यो दिन मलाई सबैभन्दा बढी आनन्द आयो। त्यसपछि सबैले भन्न थाले, ओहो! प्रधानमन्त्री भएका माधवकुमार नेपालको क्षेत्रमा एकजना रिक्शाचालकले गज्जबको समाजसेवा गर्दैछन्।" उनको त्यो कदमलाई सञ्चारमाध्यमले राम्रो प्राथमिकता दिए। फेसबूकमा पनि उनको एक दिनमैं एक हजार नयाँ साथी बने। यसरी रिक्शाचालक भएर पनि गरीब दुःखीको सहयोगमा जुटेको समाचारले उनलाई समाजसेवीको रूपमा चर्चित बनायो।

अहिले धेरै समाजसेवी बनेको उनी बताउँछन् र खुशी पनि हुन्छन्। उनले बाँडेका ज्याकेट लगाएर विदेश पुगेका युवाहरूले अहिले आफ्नो कमाइ समाजसेवाका लागि पठाउने गरेका छन्।

उनको कार्यलाई बिस्तारै सबैले साथ दिन थाले। सहयोगको पनि ताती लाग्यो। स्कूले बालबालिकादेखि वृद्धवृद्धासम्मलाई चाहिने न्यानो कपडा अन्य जिल्लाबाट सहयोगी दाताहरूले पठाउन थाले। उनलाई एक्लै सामान बाँड्न हम्मेहम्मे पर्‍यो। अनि आफ्नै रिक्शामा २/४ बोरा कपडा राखेर स्थानीय सञ्चारकर्मीको रोहबरमा बाँड्न शुरू गरे। पछि समाचारको प्रभावले राहतको लागि एक ट्रक कपडा आयो।

त्यसपछि उनले लगातार तीन वर्षसम्म वडा नं ५ को सुन्दरबस्तीमा रहेका गरीब परिवारलाई न्यानो कपडा बाँडे। सन्तपुरलगायत अन्य मुसहरबस्तीमा पनि दाताहरूले पठाइदिएको कपडा बाँडे। उनलाई अचम्म लागेको एउटा कुरा के भने, त्यही ठाउँमा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले जम्मा ५० वटा कम्बल लिएर गए, र ती कम्बल उनले आफ्ना कार्यकर्तालाई मात्र बाँडे।

रिक्शाचालक केदार तराईका जिल्लामा मात्र होइन, विपद्को समयमा पहाडमा समेत राहत बाँड्छन्। समाचारको आधारमा देशविदेशबाट सहयोग जुट्न थाल्छ। कतिपय ठाउँमा सरकारले दिने राहतमा नागरिकता माग्ने गरिएकाले नागरिकताविहीन नागरिकलाई पनि आफूले सहयोग जुटाउने गरेको उनले बताए। उनी भन्छन्, "मैले सरकारलाई सघाएको हो, यहाँ गरीबलाई एक बोरा चामल दिंदा ५० जना जम्मा गर्ने चलन छ। तर मैले देखाउनको लागि कहिल्यै प्रचार गरिनँ।"

यता बुबाको समाजसेवाबाट आफू पनि उत्साहित भएको केदारकी १० वर्षीया छोरी निर्मला भन्छिन्। "बुबाले हामी भाइबहिनीलाइ रिक्शा चलाएरै शिक्षा दिनुभएको छ, दुःखीहरूको उद्धार गर्नुभएको छ, हामी बुबाप्रति एकदमै आभारी छौं।" केदारको सुत्ने कोठामा धेरै सङ्घसंस्थाले सम्मानित गरेका तस्बिरहरू छन्। धेरै कलाकारले मायाको चिनोसमेत प्रदान गरेका छन्।

रिक्शाचालक केदार समाजका लागि एक उदाहरणीय व्यक्ति हुन्। उनले गरेको समाजसेवाको लेखाजोखा गर्न सकिंदैन। लकडाउनले गर्दा उनले ब्याट्रीको लागि लिएको ऋण चुक्ता गर्न सकेका छैनन् तर पनि उनी समाजसेवामा अग्रसर छन्। रिक्शाचालक भएर सेवाभावबाट समाज परिवर्तन गर्न खोज्ने केदार तिमल्सेनालाई राज्यले उच्च सम्मान गर्न जरुरी छ।

## सोमवार चारवटा बैंक.....

माईस्थान, सिटी अफिस, श्रीपुर शाखाबाट १ देखि १६ वडाका लाभग्राहीले भत्ता बुझ्छन् भने वडा नं १८ भवानीपुर, २२ मनियारी, २३ प्रसौनीबिर्ता र २७ उदयपुरघुर्मीका लाभग्राहीहरूको भत्ता रकम कृषि विकास बैंक चिनीमिल शाखास्थित उनीहरूको खातामा जम्मा हुन्छ। २९ बसडिल्वा, ३१ बेलवा, ३२ चोर्नीका लाभग्राहीले ग्लोबल आइएमईको मिलनचोक शाखाबाट, २१ लिपनीबिर्ता, २८ बगही, ३० लालपर्साका लाभग्राहीले ज्योति विकास बैंक परवानीपुरबाट, १९ विन्ध्यवासिनीका लाभग्राहीले सनराइज बैंकको बहुअर्वाभाठा शाखाबाट भत्ता निकाल्छन्।

सरकारले बजेट भाषणमार्फत आगामी आर्थिक वर्षदेखि भत्ता रकममा वृद्धि गरेको छ। चालू आवको असारसम्म ७० वर्ष पुगेका ज्येष्ठ नागरिकले मासिक ३ हजार, ६० वर्ष पुगेका दलित ज्येष्ठ नागरिक र ६० वर्षमाथिका एकल महिलाले मासिक २ हजार भत्ता पाउँछन्। रातो कार्ड बनाएका पूर्ण अपाङ्ग बालबालिकाले ३ हजार र आंशिक अपाङ्गले १६ सय, दलित दम्पतीका ५ वर्षमुनिका बढीमा दुईजना बालबालिकाले पौष्टिक आहारबापत मासिक ४ सय र लोपोन्मुख जातिले मासिक प्रतिपरिवार ३ हजार रुपैयाँ सामाजिक सुरक्षा भत्ता पाउँछन्।

वीरगंजमा लोपोन्मुख जाति अन्तर्गत सिलौटी बनाउने (पथरकट्टा) ११ घरपरिवार वीरगंज-२ छपकैया पोखरीनजीक बसोबास गर्छन्। त्यसैगरी, अन्य लक्षित समूहमा ७० वर्षमाथिका ज्येष्ठ नागरिक ५ हजार १ सय ८६ जना, दलित ज्येष्ठ नागरिक ७ सय ७१ जना, ६० वर्षमाथिका अविवाहित महिला १ हजार ५ सय ७९ जना, विधवा १९ सय ८० जना, पूर्ण अपाङ्ग २ सय ३८ जना, अतिअशक्त अपाङ्ग ४ सय ४७ जना, लोपोन्मुख ११ जना, दलित बालबालिका ११ सय ७४ जना गरी कुल ११ हजार ३ सय ८६ जना लाभग्राही छन्।

## चटचाङबाट मृत्यु भएकाको परिवारलाई सहयोग

प्रमोद यादव, पंचगावाँ, २० असार/

पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नं ४ देउरवानामा अस्ति चटचाङ लागेर मृत्यु भएकाको परिवार र घाइते भएकाहरूलाई सखुवाप्रसौनी गापाबाट आर्थिक सहयोग प्रदान गरिएको छ।



सहयोगबापतको चेक हस्तान्तरण गर्दै। तस्वीरः प्रतीक

चटचाङबाट मृत्यु भएका रघुवीर यादवकी पत्नी मीरादेवी यादवलाई नगद ५० हजारको चेक गापा अध्यक्ष प्रदीप जैसवालले हस्तान्तरण गरेका थिए। यसैगरी, घाइते रम्भा देवी, मैना देवी, गीता देवी, विशालकुमार गुप्तालाई उपचारार्थ जनही १० हजारको चेक पीडितको घरमा गएर हस्तान्तरण गरिएको गापाका प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादवले बताए।

## ३ जना महिलासहित ५५ जनाद्वारा रक्तदान

प्रस, विन्ध्यवासिनी, २० असार/

विन्ध्यवासिनी गाउँपालिकाको आयोजनामा आइतवार सम्पन्न खुला रक्तदान कार्यक्रममा तीनजना महिलासहित ५५ जनाले रक्तदान गरेका छन्।



तस्वीरः प्रतीक

गापा अध्यक्ष श्रीलाल साह (मोदी) कानूले रक्तदान गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए।

कार्यक्रममा मुन्ना रौनियार, सगीर अहमद, गोविन्द साह तेली, मुकेशराउत गद्दी, नीरज पटेल, नीरज पासवान, राजनकुमार पाण्डे, सोनु कुशवाहा, सन्ध्या कुमारी, विभा क्षत्री, अनिष यादव, सुनील चौहानलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजकी प्राविधिक डिल्लीमाया घिमिरेले बताइन्।

# सत्तरी प्रतिशत पाठ्यपुस्तक बिक्री, नयाँ नक्शाको बेग्लै पृष्ठ पठाइयो

काठमाडौं, २० असार/रासस

सरकारी स्वामित्वको जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले नयाँ शैक्षिक सत्रका लागि उत्पादित पाठ्यपुस्तक हालसम्म ७० प्रतिशत बिक्री वितरण गरेको छ।

कोरोना महामारी र निषेधाज्ञाका बीच पाठ्यपुस्तक उत्पादन र वितरणलाई अत्यावश्यक सेवामा राखिएपछि लिमिटेडबाट छापिएका पाठ्यपुस्तक विभिन्न प्रदेश र जिल्लामा विक्रेतामार्फत ढुवानी गराइएको हो।

विगतमा तय गरिएका पाठ्यक्रम मुद्रणीय प्रति (सिआरसी)का आधारमा पहिल्यै छापिएका पाठ्यपुस्तकमा नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटिएको नयाँ राजनीतिक नक्शा समावेश नभएकामा सम्बन्धित पृष्ठमा नक्शाबारे अलगै पृष्ठ छापेर विद्यालय–विद्यालयमा पठाउने काम पनि केन्द्रले गरिरहेको छ। हाल मुद्रण भइरहेका पाठ्यपुस्तकमा नयाँ नक्शासहित छपाइ भइरहेको केन्द्रका प्रबन्ध सञ्चालक अनिलकुमार झाले बताए।

विद्यालय तहका पाठ्यपुस्तक विद्यार्थीलाई निश्शुल्क उपलब्ध गराउने सरकारको दायित्व हो। कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तक निजी क्षेत्रका प्रेसले उत्पादन गर्दै आएका छन् भने सो तहभन्दा माथिका लाागि जनक शिक्षाले उत्पादन गर्दै आएको छ। वितरणका लागि केन्द्रले मुलुकका आफ्ना प्रादेशिक र अन्य कार्यालयमा गरी एक हजार एक सय विक्रेता नियुक्त गरेको छ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले नयाँ नक्शा समावेश गर्न निर्देशन दिएपछि यही असार १५ गते पाठ्यक्रम विकास केन्द्रले जनक शिक्षा लिमिटेडलाई त्यसबारे पत्राचार गरेको थियो।

पाठ्यक्रम विकास केन्द्रले आग्रह नगरेसम्म उत्पादनकर्ता निकायले पाठ्यपुस्तकमा परिमार्जन गर्न पाउँदैन। नयाँ (चुच्चे) नक्शा अनुसार नेपालको क्षेत्रफल बढेर एक लाख ४७ हजार ५१६ कायम भएको छ। संसद्बाट संविधान संशोधन भएपछि नेपालको नयाँ



पुस्तकपसलअगाडि पुस्तक खरीद गर्दै विद्यार्थी र अभिभावक। तस्वीरः फाइल/प्रतीक

राजनीतिक नक्शा २०७७ जेठ ७ गते भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले सार्वजनिक गरेको थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र पाठ्यक्रम विकास केन्दले समयमा नयाँ नक्शाबारे पाठ्यसामग्रीमा परिमार्जनका लागि समयमा औपचारिक पत्राचार नगर्दा बजारमा गइसकेका पाठ्यपुस्तकमा पुरानै नक्शा समावेश भएको गुनासो आएको थियो।

पाठ्यक्रम विकास केन्द्रले यही असार १३ गते 'पाठ्यपुस्तकको प्रयोगसम्बन्धी अत्यन्त जरुरी सूचना' जारी गरी विद्यालयमा प्रयोग हुने पाठ्यपुस्तक तथा पाठ्यसामग्रीका सम्बन्धमा पाठ्यपुस्तक वितरण व्यवस्थापन अनुगमन केन्द्रीय समितिको गत जेठ २८ गतेको निर्णय अनुसार यस शैक्षिक सत्रका लागि बिक्रीमा रहेका स्वीकृत पाठ्यपुस्तक तथा पाठ्य सामग्रीमा अनिवार्यरूपमा नेपालको कालापानी, लिम्पियाधुरा र लिपुलेक समेटिएको नेपालको नयाँ नक्शा समावेश हुनुपर्ने सूचना विक्रेता, शिक्षक र अभिभावकमा पनि दिएको थियो।

गत वर्षमा नै छपाइ भएका पाठ्यपुस्तक तथा सामग्रीमा सम्बन्धित पेजमा परिमार्जन गरी नयाँ पेज समावेश गर्न पनि उक्त सूचनामा आग्रह गरिएको थियो। अनुगमन समितिले यही असार १२ मा बजार अनुगमन गर्दा पुरानै नक्शा भएका धेरै पुस्तक देखिएको नेपाल अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीको भनाइ छ।

पाठ्यक्रम विकास केन्द्रले अब पुस्तक खरीद गर्दा हेरेर मात्रै खरीद गर्न विद्यालय, शिक्षक र विद्यार्थीलाई आग्रह गरेको छ। कक्षा ४ देखि १० सम्मका सामाजिक विषयमा नेपालको नक्शासम्बन्धी पाठ रहेको छ। कक्षा १, २, ३ र ६ मा नयाँ पाठ्यपुस्तक लागू भएकाले ती पुस्तकमा स्वतः नयाँ नक्शा समावेश गरिएको जनाइएको छ।

लिमिटेडका प्रवक्ता चित्रकुमार आचार्यका अनुसार यस शैक्षिक सत्रका लागि सरकारले दिएको एक करोड ८४ लाख थान पाठ्यपुस्तक उत्पादन हुनुपर्ने लक्ष्य रहेकामा हालसम्म एक करोड ३० लाख थान बिक्री वितरण भइसकेको छ। कर्णाली प्रदेशका केही जिल्लाबाहेक अन्य जिल्लाबाट पाठ्यपुस्तक अभाव भएको गुनासो नआएको केन्द्रले जनाएको छ।

## कोइरालाको जन्मजयन्तीमा वृक्षारोपण

प्रस, वीरगंज, २० असार/

नेपाली काङ्ग्रेसका पूर्वसभापति एवं पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाको ९७औं जन्यजयन्तीको गरी तीन दिन मनाउने कार्यक्रम तय भएको जानकारी गराए। सोमवार असार २१ गते रक्तदान र असार २२ गते मङ्गलवार वीरगंजका दुईजना



तस्वीरः सौजन्य

अवसरमा गिरिजाप्रसाद कोइराला फाउन्डेशन, पर्साले आइतवार वृक्षारोपण गरेको छ।

वीरगंजको आइसिपी र आदर्शनगरस्थित कब्रिस्तानमा २२५ वटा साल, सिसौं, बेल, सफेदा, खयर, औरा, टीक, अशोकलगायतका बिरुवा रोपिएको फाउन्डेशनका सदस्य दिलीपराज कार्कीले बताए। उनले फाउन्डेशनको आयोजनामा ९७औं जन्मजयन्ती २०, २१ र २२ गते क्रियाशील पत्रकारलाई जनही रु २५ हजारले पुरस्कृत गर्ने सदस्य कार्कीले बताए।

फाउन्डेशनका अध्यक्ष महम्मद सहाबुद्दीनको अध्यक्षतामा आज भएको वृक्षारोपण कार्यक्रममा नेपाली काङ्ग्रेसका ध्रुव नेपाल, दिना गुप्ता, श्याम पोखरेल, रामरूप कुर्मी, शिवओम लामिछाने, नवीन सिंहलगायतको सहभागिता थियो।

## वर्षाले घर ढले, बस्ती डुबानमा

महोत्तरी, २० असार/रासस

हेर्दाहेर्दै पानीको तीव्र बहावले घर ढलेपछि महोत्तरीको भङ्गाहा नगरपालिका–४ रामनगरका उपेन्द्र कापर बेघर भएका छन्। गत मङ्गलवारदेखि लगातार परेको पानीले डुबानमा परेको घर शनिवार गर्ल्यामगुर्लुम ढलेपछि कापरको परिवार बिचल्लीमा परेको छ। कापरसँगै सो बस्तीका १५० भन्दा बढी घर डुबानमा परेका छन्।

लगातारको वर्षाले कच्ची घर बुधवार नै डुबेको कापरले बताए। "बर्खामा घर ढल्दा बिजोग त भयो नै, बालबच्चा यो बर्खामा कहाँ राख्नु ?" कापरले भने, "धन्न कसैलाई ढलेको घरले थिचेन।" डुबानमा परेको घर ढल्न सक्ने छनक आफूले पाएपछि सचेतता अपनाउँदा ज्यान भने बाँचेको कापरको भनाइ छ।

बस्तीका मुसहर, चमार र मुसलमानका घर रहेका टोल डुबानमा बढी परेका छन्। जिल्लामा यसपालि गत मङ्गलवारदेखि शनिवारसम्मको अविरल वर्षाले सयौं पराले झुप्रा लडाएर बिल्लबाठ बनाएको छ।

जिल्लामा गहिरा ठाउँका र नदी किनारछेउका बस्ती धेरै डुबानमा परेका छन्। मध्यवर्ती क्षेत्रमा बलवा नगरपालिकाका भगवतीपुर, भलनी, लेउरी, बञ्चौरी, भङ्गाहा नगरपालिका कविलाषा, सिङ्ग्याहीलगायतका बस्ती रातु नदीको बाढीले डुबानको जोखिममा छन्। त्यसैगरी, जलेश्वर नगरपालिकाका धवौली, मलिबारा, महोत्तरी गाउँपालिकाका अनैठा, रतबारा, एकडारा गाउँपालिकाका बगेवासहितका बस्तीमा रातुले ताण्डव मच्चाउँदै आएको जिल्ला समन्वय समितिका प्रमुख सुरेशप्रसाद सिंह बताउँछन्।

यसैगरी, जिल्लाको पूर्वी भेग भएर बग्ने कुटमेश्वरी नदी लोहारपट्टी नगरपालिकाको कविरगामा, महोत्तरी गाउँपालिकाको पर्सामोड, अलिपट्टी, जलेश्वर नगरपालिकाको लोचना, मटिहानी नगरपालिकाका सिमरदही र धिरापुरसहितका बस्ती तहसनहस गर्दै भारत पस्दछ। जिल्लामा रातु, जङ्घा, मरहा, ओक्सी, कुटमेश्वरी र बाँके बर्खामा धेरै कटान र डुबान गराउने नदी हुन्। मरहा र बाँकेले गौशाला नगरपालिका र सोनमा गाउँपालिकाका दर्जनौं बस्ती बर्सेनि कटान र डुबान गर्दै आएका छन्।

## चमार परिवारलाई राहत सहयोग

प्रस, वीरगंज, २० असार/

पिस फर दलित फाउन्डेशन नेपाल



र ग्रामीण दलित शिक्षा केन्द्र विकास नेपाल दाङको संयुक्त सहकार्यमा रौतहट जिल्लाको फतुवा विजयपुर नगरपालिका–६ पेटभर्वामा निषेधाज्ञा अवधिमा प्रभावित प्रयाग महरा चमारलाई आर्थिक तथा खाद्यान्न सहयोग गरिएको फाउन्डेशनका अध्यक्ष मनोज रामले बताए।

रौतहटमा जारी निषेधाज्ञाको कारण चमार परिवारको अवस्था निकै दयनीय भएको र खानसमेत समस्या भएको देखिएपछि निजलाई ३० किलोको ६ बोरा चामल, १५ किलो आलु, ५ लिटर खानेतेल, ५ किलो दाल, ३ किलो नून, १० वटा साबुन, ५ प्याकेट सर्फ, आयुर्वेदिक औषधि र १० थान मास्क सहयोग गरेको अध्यक्ष रामले बताए। यसैगरी, अमेरिकामा बस्दै आएका दम्पती अनिल सेन्चुरी र सुनीता सदाशङ्करले रु १७ हजारबराबरको कपडा, खाद्यान्न सहयोग गरेको उनले बताए।

कार्यक्रममा दलित सामुदायिक विकास केन्द्र रौतहटका अध्यक्ष उदयनारायण, डोम समुदायका अध्यक्ष विजय मलीलगायतको सहभागिता थियो।

## मलङ्गवामा पक्की सडक निर्माण शुरू

सर्लाही, २० असार/रासस

सर्लाही सदरमुकाम मलङ्गवा नगरपालिका क्षेत्रमा झन्डै दुई दशकपछि पक्की सडकको निर्माण शुरू भएको छ।

जिल्लाको नवलपुर–मलङ्गवा सडकखण्ड अन्तर्गत पर्ने मलङ्गवा–१० स्थित जिल्ला विकास चोकबाट वडा नं ८ राजश्री सिनेमा हलचोकसम्म बजार क्षेत्रको भित्री सडक निर्माण शुरू भएको हो।

करीब एक हजार ७०० मिटर लम्बाइमा दुवैतर्फ डेढ/डेढ मिटर नाला तथा १३ मिटर आरसिसी ढलान रहने गरी जम्मा १५ मिटर चौडाइको उक्त सडकको निर्माण शुरू भएपछि मलङ्गवावासी खुशी भएका छन्। केन्द्र सरकार अन्तर्गत रहेको शहरी विकास मन्त्रालयको रु १० करोड बजेटबाट उक्त सडकको निर्माण शुरू भएको मलङ्गवा नगरपालिकाले जनाएको छ। यसअघि ४२ मिटर चौडाइको सडक बनाउने योजना रहेको भएपनि सयौं स्थानीय बासिन्दाको घर पूर्णरूपमा क्षति हुने र सडक पनि नबन्ने भएपछि नगरपालिकाको बोर्डको बैठकको निर्णय अनुसार १५ मिटर चौडाइको सडक बनाउन लागिएको नगरप्रमुख निरसल साहले बताए।

